# लमही नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## लमही, दाङ

## लुम्बिनी प्रदेश, नेपाल




## सार्वजनिक सुनुवाई

## संक्षिप्त प्रतिवेदन

## २०८२

## १. कार्यक्रमको परिचय :

नेपाल सरकारले स्थानिय तहमा विकास निर्माण तथा सार्वजनिक सेवा प्रवाह छिटो छरितो र प्रभावकारी बनाउने उद्देश्यले स्थानिय निकायको व्यवस्था गरे बमोजिम नगरपालिका र गाउँपालिकाहरुबाट आफ्नो क्षेत्रभित्र रहेका स्थानिय आवश्यकता तथा मागहरुलाइ सम्बोधन गर्न स्थानिय स्वायत्त शासन ऐन २०५५, स्थानिय स्वायत्त शासन नियमावली २०५६, स्थानिय निकाय नियमावली २०६४ र नेपाल सरकारबाट विभिन्न समयमा गरिएका परिपत्र अनुसार बजेट, नीति, योजनाहरु निर्माण गरि कार्यान्वयन गर्नुपर्ने हुन्छ । यसरी कार्यान्वयन भएका र सम्पादन भएका कार्यक्रमहरुको सुशासन ऐन २०६४, सुशासन नियमावली २०६५ र सार्वजनिक सुनुवाइ कार्यविधि अनुसार सार्वजनिक सुनुवाइ गर्नुपर्ने प्रावधान रहेको छ ।

सोही अनुरुप लमही नगरपालिकाले आर्थिक वर्ष २०८१/८२ मा सम्पादन गरेका वार्षिक योजना तथा कार्यक्रमहरु र आर्थिक वर्ष २०८२/०८३ मा चौमासिक रुपमा सम्पन्न भएका कार्यक्रमको स्थानीय नगरवासीबाट राय, सल्लाह, सुझाव, गुनासो र उठेका जिज्ञाशाहरुमा स्पष्टता ल्याउनका लागि सरोकारवालाहरुलाई सहभागि गराई आर्थिक वर्ष २०८१/०८२ को सार्वजनिक सुनुवाइ कार्यक्रम संचालन गरिएको हो ।

## २. कार्यक्रमको उद्देश्य :

क. आ.व. २०८१/०८२ को बार्षिक समिक्षा कार्यक्षेत्रको आधारमा कार्यप्रगतिको रुपमा नगरपालिकाबाट सम्पादन भएका कार्यहरुको बारेमा स्थानीय सरोकारवालाई अवस्था झल्काउनु ।

ख. यो आर्थिक वर्षमा समेट्न नसकिएका कार्यक्रमलाई आगामी आर्थिक वर्षमा समेट्ने गरि छलफल गर्ने ।

ग. सेवाग्राही प्रति सेवाप्रदायकलाई जवाफदेही बनाउने र सेवाग्राहीलाई सेवा प्रवाहको बारेमा जानकारी सहित अन्तर्क्रिया गराउने ।

घ. स्थानिय तहमा निर्वाचित भएर आउनुभएका जनप्रतिनिधिहरुलाई नागरिकको आवश्यकता प्रति जवाफदेही बनाउने ।

ङ. सम्पादन भएका कार्यक्रमको सत्य तथ्य प्रगति दर्शाउदै सार्वजनिक सेवामा नागरिकको पहुँच बृद्धि गर्ने ।

च. नगरपालिकाले सम्पादन गरेका कार्यहरु सरोकारवाला समक्ष पेश गरि आएका पृष्ठपोषण माथि छलफल गरि कार्यान्वयन गर्ने ।

## ३. कार्यक्रमको संक्षिप्त जानकारी :

नेपाल सरकारले स्थानीय स्तरमा विकास निर्माण कार्य लगायत अन्य विभिन्न कार्यक्रम तथा योजनाहरु संचालन गर्नका लागि स्थानीय तहहरुको व्यवस्था गरेको छ । स्थानीय तहले आ-आफ्नो क्षेत्र भित्रका बासिन्दाहरुको मागलाई समेत ध्यानमा राखी बजेट, नीति, योजना तथा कार्यक्रमहरु तर्जुमा गरि स्थानीय स्वायत शासन ऐन २०५५, स्थानीय स्वायत शासन नियमावली २०५६, स्थानिय निकाय (आ.प्र) नियमावली २०६४, सुशासन ऐन २०६३, नियमबली २०६४ एबं नेपाल सरकारबाट बिभिन्न समयमा भएको परिपत्र समेत को आधारमा समिक्षा र सार्वजनिक सुनुवाई गर्नुपर्ने ब्यबस्था अनुसार
नगरपालिकाले नियमित रुपमा सम्पादन गरेका कार्यहरुको समिक्षाबाट भाबी दिनहरुमा गर्ने कार्यको लाई निर्देशित गर्न सहयोग पुग्ने अभिप्रायले यस नगरपालिकाले आर्थिक वर्ष २०८१/०८२ को बार्षिक समिक्षा समेत गरेको हो ।

**४) कार्यक्रम आयोजना गरिएको समय, मिति र स्थान**

सार्वजनिक सुनुवाई कार्यक्रम २०८२ पौष ५ गते शनिवार दिनको ११.०० बजेबाट बेलुका ६ बजेसम्म सार्वजनिक बगैंचामा सञ्चालन भएको थियो ।

**६) सहभागीहरु**

सार्वजनिक कार्यक्रममा सर्वदलिय संयन्त्रका प्रतिनिधिहरु, सामाजिक संघ संस्थाका प्रतिनिधिहरु, नागरिक समाज एवम् पत्रकारहरु, गैरसरकारी संस्थाका प्रतिनिधिहरु, उद्योग वाणिज्य संघ , नागरिक सचेतना केन्द्रका सदस्यहरु, वडा नागरिक मञ्चका सदस्यहरु तथा उपभोक्ता समितिका प्रतिनिधिहरु न.पा. कर्मचारी सहित १९३ जनाको सहभागिता रहेको थियो ।

**७) कार्यक्रम संचालन प्रकृया**

माथि उल्लेखित स्थान, मिति र समयमा कार्यक्रमको सञ्चालन कार्यक्रमको तालिका अनुसार कार्यक्रमको सहजिकरण देउखुरी सञ्चार केन्द्रबाट श्री लिला शाहले गर्नुभएको थियो । लमही नगरपालिकाका नगर प्रमुख जोगराज चौधरीको अध्यक्षतामा नगर उप-प्रमुख श्री लक्ष्मी चौधरी, प्रमुख प्रशासकीय अधिकृत श्री गेहेन्द्र बहादुर डाँगी, वडा अध्यक्ष तर्फ वडा नं. १ बाट श्री दामोदर पौडेल, वडा नं. २ बाट श्री नेपालु चौधरी, वडा नं. ३ बाट श्री मनोज कुमार चौधरी, वडा नं. ५ बाट श्री ओम प्रसाद सुवेदी र वडा नं. ६ बाट श्री श्याम नारायण चौधरीको उपश्थिति थियो ।

कार्यक्रम सम्बन्धि आचार संहिता, नागरिक प्रतिवेदन (Citizen Report Card) र वर्हिगमन अभिमत (Exit Poll) प्रस्तुत गर्दै कार्यक्रम सञ्चालन लिला शाहले गर्नुभएको थियो । योजना शाखा प्रमुख सुनिता पोखरेलले नगरपालिकाको सम्पूर्ण कार्यप्रगति प्रतिवेदन प्रस्तुत गरेपश्चात दोस्रो चरणमा खुल्ला प्रश्न (Floor Open) मार्फत सरोकारवाला सहभागिहरुबाट विभिन्न शाखा, अस्पताल, वडा अन्तर्गत भएका कार्यक्रमहरुको विषयमा उठेका प्रश्न र जिज्ञासालाई सम्बन्धित शाखा प्रमुखहरुले जवाफ सहित स्पष्ट पार्नुभएको थियो । र प्रमुख वक्ताको रुपमा वडा अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, उप-प्रमुख र नगर प्रमुखले थप स्पष्ट पार्नुभयो । सार्वजनिक सुनुवाईमा प्राप्त भएका जिज्ञाशा, प्रश्न, रचनात्मक सुझावहरुलाई मनन गर्दै आगामी दिनमा पनि रचनात्मक सुझाव, सहयोग तथा सहकार्यको अपेक्षा सहित अध्यक्षले कार्यक्रमको समापन भएको घोषणा गर्नुभएको थियो ।

**८) अपेक्षित उपलब्धीहरु**

क) बिकास निर्माणका कार्य र अन्य कार्यक्रमहरु समयमा नै संचालन गर्न सहयोग पुग्ने ।

ख) गत आ.ब मा समेट्न नसकिएका तर महत्वपुर्ण योजनाहरुलाई आगामी बर्षमा समेट्न सहज पुग्ने।

ग) योजनाहरु सञ्चालन गर्दा जनसहभागिता जुट्ने ।

घ नगरपालिकाबाट संचालित बिकास कार्यक्रम, उपलब्ध सेवा सुबिधा सम्बन्धित सरोकारवालाहरुलाई जानकारी हुने ।

च) नगरपालिकाबाट सञ्चालित बिकास कार्यक्रम, उपलब्ध सेबा, सुविधाको विषयमा नगरबासीले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउन ।

छ) सर्बसाधारण लाई नगरपालिकाको काम कारवाहीको सुचनामा अभिबृद्धी सहयोग पुग्ने ।

९) उठेका प्रश्न / जिज्ञासा र उत्तर

| क्र.सं. | प्रश्न/जिज्ञासा/सुझाव | जवाफ दिने पदाधिकारी | जवाफ/उत्तर |
|---|---|---|---|
| १ | योजना छनौटमा आम जनता सहभागि नभएको, बजेट छान्दा टोलमा जानकारी नगराइएको | दामोदर पौडेल (अध्यक्ष वडा नं. १) | वडा सदस्यहरुलाई आ-आफ्नो टोलमा आवश्यक योजनाहरु टोलवासीहरुसंग छलफल गरि ल्याउनुस भनेर भनिन्छ । सोहि अनुसार योजना विनियोजन गरिन्छ । |
| २ | वडा कार्यालयमा रहेका कर्मचारीको कार्यशैली र व्यवहार परिवर्तन गर्नुपर्ने, वडाध्यक्ष कार्यालयमा धेरै नबस्ने गरेको | श्याम नारायण चौधरी (अध्यक्ष वडा नं. ६) | वडाध्यक्ष का धेरै कामहरु हुने, बैठकहरुमा सहभागि हुनको लागि कार्यालयकै कामको शिलशिलामा मात्र कार्यालय छोड्ने गरेको अन्यथा कार्यालयमै रहने। कर्मचारीको बोलि व्यवहारको विषयमा निर्देशन दिई सुधार गर्ने । |
| ३ | लमही अस्पतालमा रेविज भ्याक्सिन, सर्पको भ्याक्सिन, जिवनजल, सिटामोल, अत्यावश्यक औषधि लगायत पोष्टमार्टम गर्दा चाहिने सामाग्रीहरु निशुल्क पाईने भनेतापनि नपाईने गरेको | नारायण प्रशाद शर्मा (स्वास्थ्य शाखा प्रमुख) | रेविज भ्याक्सिन संघीय अनुदानमा आउने र लमही लगायत अन्य पालिका जिल्लाबाट समेत सेवा लिन आउने हुदा प्रयाप्त भ्याक्सिन उपलब्ध नहुदा सेवा प्रवाहमा कहिलेकाँही अवरोध हुने। अन्यथा निशुल्क पाईने औषधिहरु नियमित उपलब्ध भईरहेको । |
| ४ | तरकारीको बीउ, रासायनिक मल, लगायत कृषि शाखाबाट उपलब्ध हुने कार्यहरु ढिलासुस्ति हुने गरेको | कमल बुढाथोकी (कृषि शाखा प्रमुख) | तरकारीको बीउ, धानको बीउ लगायत बीउपल कृषकको माग अनुसार वितरण हुने गरेको छ । कतिपय कार्यक्रमहरु आन्तरिक स्रोतमा हुँदा कार्यक्रम गर्न नसकीएको । |
| ५ | प्रिन्स स्कुल जाने बाटोमा कल्भर्ट नबनेको,<br>टोल बिकास संस्थाको लेखापरिक्षण कसले गरिदिने<br>र शहरी विकास अन्तर्गत रोजगारी दिएको भनिएको विषयमा कस्तो रोजगारी प्रदान गरिएको स्पष्ट | सुनिता पोखरेल (योजना शाखा प्रमुख) | प्रिन्स स्कुल जाने खत्री टोलमा यसै आ.व. मा जनता संग मेयर कार्यक्रम अन्तर्गत रु. ५ लाख बजेट विनियोजन भएको छ । टोल विकास संस्थाको लेखापरिक्षण सम्बन्धमा एक पटकको लागि नगरपालिकाबाट |

| | | | |
|---|---|---|---|
| | पार्नुहुन | | गरिने गरि छलफल अगाडी बढेको छ र शहरी विकास अन्तर्गतका कार्यक्रममा रोजगारीको जिज्ञासामा स्थानीय उपभोक्ता समिति अन्तर्गतका स्थानीय ब्यक्तिहरुलाई माग बमोजिम ज्यालादारीमा आंशिक रोजगारी दिने गरिएको । |
| ६ | ढुङ्गा गिट्टी बालुवा समयमा ठेक्का नलागेको, चोरी निकासी बढेको, बजार क्षेत्रमा अराजकता बढेको र शान्ति सुरक्षाप्रति चिन्ता प्रकट गरिएको साथै हाट बजार व्यवस्थित नभएको | ओम प्रसाद सुवेदी (अध्यक्ष वडा नं. ५) | चुरे क्षेत्र पर्ने भएकाले चुरेको अनुमति विना ठेक्का खोल्न ढिलाई हुने गरेको छ । बजार क्षेत्रमा चोरी लुटपाटको घटना बढेकाले प्रहरी प्रशासन अझ बढि सकृय हुनुपर्ने र नागरिक पनि सचेत र चनाखो बन्नुपर्ने । घर भाडामा लगाउँदा भाडामा बस्ने मानिसहरुको विवरण वडा कार्यालयमा पेश गर्नुपर्ने ।हाट बजार व्यवस्थापनको लागि नगरपालिकाबाट चालु आ.व. मा रु. १ करोड विनियोजन भएको र छिट्टै काम सुचारु हुने । |
| ७ | वडा नं. ३ मा बजेट विनियोजन हुदा स्थानीय लाई जानकारी नहुने गरेको, सानो बाटोमा बजेट नपर्ने गरेको, मेलमिलाप केन्द्र कुन ठाँउमा स्थापना भएको छ थाहा नभएको | मनोज कुमार चौधरी (अध्यक्ष वडा नं. ३) | बजेट विनियोजन गर्दा टोल विकास मार्फत वडा समितिमा छलफल गरेर मात्र गर्ने गरिएको । बाटो स्तरोन्नति गर्दा कम्तिमा ६ मिटरको बाटो नक्सामा अनिवार्य हुनुपर्ने प्रावधान भएकाले ६ मिटर भन्दा सानो बाटोमा बजेट विनियोजन गर्न समस्या परेको छ । मेलमिलाप केन्द्रको रुपमा प्रत्येक वडा कार्यालयहरुमा मेलमिलापकर्ता मार्फत काम हुने गरेको छ । |
| ८ | कार्यालयको सवारी साधन दुर्घटनाको विषय, कार्यालय प्रमुख फेरिईरहने कारण र आन्तरिक राजश्व कम उठ्नुको कारण बारे प्रष्ट पार्नुपर्ने | गेहेन्द्र बहादुर डाँगी (प्रमुख प्रशासकीय अधिकृत) | कार्यालयको सवारी साधन दुर्घटना सम्बन्धमा म अछाममा कार्यरत रहदा काम विशेषले दाङ आएको र राति घर फर्कने ऋममा चौपट्टा जंगलमा आफ्नो गाडी बिग्रिएपछी सहयोगको लागि लमही |

| | | | |
|---|---|---|---|
| | | | नगरपालिकाका ४२०१ का सवारी चालक संग सहयोग मागेको र चालकले कार्यालको गाडी लगि सहयोग गरेको र फर्कने क्रममा दूर्घटनामा परेको हो । कार्यालय प्रमुख फेरिरहने विषयमा, सामान्य प्रशासन मन्त्रालयबाट नियमित सरुवा हुने प्रकृया अनुसार नै आफ्नो गृहजिल्लामा कामकाजको लागि आएको हो ।भने आन्तरिक राजश्व अपेक्षित रुपमा उठ्नको लागि जनप्रतिनिधी, कर्मचारी र नागरिक सबैले आ आफ्नो क्षेत्रबाट हातेमालो गरेर मात्र सम्भव हुने । |
| ९ | वडा नं. २ सानो नदिमा पुल नहुँदा वर्षातको समयमा आवत जावतमा समस्या हुने गरेको, २ नम्बरका अन्य स्थान (डोरही, बनकट्टा) मा कल्भर्ट र बाटो निर्माणको काम नभएको | नेपालु चौधरी (अध्यक्ष वडा नं. २) | संघ प्रदेश र स्थानीय ३ वटै तहमा पुल निर्माणको लागि बजेट माग गरेतापनि बजेट उपलब्ध हुन नसकेको, त्यसको लागि लागिपरेको । अन्य केहि स्थानमा बजेट आएकाले चालु आ.व. मा काम हुने । |
| १० | नगरपालिकाबाट खरिद गरिने सामाग्रीहरु स्थानीय बजारबाट खरिद हुन्छन् कि अन्यत्रबाट ? कार्यालयको दुर्घटनाग्रस्त गाडी हाल के कस्तो अवस्थामा छ ? | हरिचन्द्र रिजाल (जिन्सी शाखा प्रमुख) | नगरपालिकाबाट ई विडिङ हुने सामाग्री बाहेक अन्य फूटकर सामाग्रीहरु स्थानीय बजारबाट नै खरिद हुने गरेको छ । दुर्घटनाग्रस्त गाडी नेपालगञ्ज स्थित सिप्रदी ट्रेडिङले विमा मार्फत मर्मतको लागि लगेको छ । |
| ११ | नगरपालिकामा बेरुजु किन बढेको छ बेरुजु कम गर्न किन प्रयास भएन । | टोप बहादुर शाही (आर्थिक प्रशासन शाखा प्रमुख) | सबै बेरुजु भ्रष्टाचार गरेर भएको हुदैन । कागजात नमिलेको खण्डमा पनि बेरुजु आउने हुन्छ । यहा म नयाँ पनि भएकाले बेरुजुको विषयमा अध्ययन गर्दै छु । जनप्रतिनिधी, कर्मचारी सबैको सहकार्यमा मात्र बेरुजु कम गर्न सकिन्छ । |
| १२ | नगरस्तरीय खेलकुदमा हुने आर्थिक खर्च कति र कसरी हुन्छ? | केशव लम्साल (शिक्षा शाखा प्रमुख) | सरुवा भई भरखर आएकाले अगाडीको विषयमा जानकार |

| | | | |
|---|---|---|---|
| | मेयरकप खेलकुद किन हुन सकेन? | | नभएको र खेलकुदमा हुने खर्चको विषयमा कार्यालयमा आई विवरण मागे उपलब्ध गराउन सकिने । |
| १३ | भ्यू टावर किन बनाईएको हो? अहिले सम्म त्यसको प्रयोग किन भएन ? | | उत्तर नआएको |
| १४ | हुलाकी सडक निर्माणको काम किन अगाडी बढेन ? | | |
| १५ | क्रिकेट स्टेडीयम घाँसमा परिणत भएको छ । त्यसको व्यवस्थापन कसले गर्ने हो ? | | |
| १६ | पूर्णप्रकाश विश्वकर्मा जसलाई पटक पटक पालिकामा किन नियुक्ति गरिन्छ? | | |
| १७ | स्व मूल्याङ्कनमा पालिका जहिले पछाडि पर्नुको कारण के ? | | |

कार्यक्रममा नगर प्रमुख र नगर उप-प्रमुखले समग्र प्रश्नहरुको अन्तिममा छोटकरीमा प्रष्ट पार्नुभएको थियो । नागरिकबाट आएका गुनासोलाई सम्बोधन गरि प्राप्त सुझावहरु आत्मसाथ गर्दै आगामी दिनमा योजनावद्ध तरिकाले काम गर्ने प्रदिवद्धता व्यक्त गर्नुभयो ।

## १०) नगरपालिकाले सुधार गर्नुपर्ने कुराहरु

क। आन्तरिक राजश्व वृद्धि तर्फ ध्यान दिनुपर्ने ।

ख। योजना छनौट विनियोजन गर्दा टोल स्तरबाट छलफल गरि आउनुपर्ने ।

ग। नदिजन्य पदार्थको चोरी निकासी रोकी समयमै ठेक्का खोल्नको लागि आर्थिक वर्षको सुरुबाटै पहल गर्नुपर्ने ।

घ। नगर गुरुयोजना बनाई प्रत्यक्ष देखिने खालका ठूला योजना निर्माण गर्नुपर्ने ।

ङ। बेरुजु न्यूकरण गरि पालिकालाई शुन्य बेरुजु तर्फ अग्रसर गराउनुपर्ने ।

च। नागरिक वडापत्र सबै कार्यालयमा प्रष्ट देखिने गरि राख्नुपर्ने ।

छ। सेवा प्रवाहमा कर्मचारी संयन्त्र पारदर्शी र जवाफदेही बन्नुपर्ने ।

ज। नगरपालिका को सडकमा सडक बत्ति व्यवस्थापन गरि उज्यालो लमही अभियान अगाडी बढाउनुपर्ने ।

झ। कुहिने नकुहिने फोहोरको दिगो र उचित व्यवस्थापन गर्न तत्काल पहल चाल्नुपर्ने।

ञ। युवा स्वरोजगारमुखि नीति र कार्यक्रम निर्माण गर्नुपर्ने ।

ट। सरकारद्वारा नि:शुल्क रुपमा प्राप्त हुने सबैखालका औषधिहरुको सहज उपलब्धतामा विशेष ध्यान दिनुपर्ने ।

ठ। टोल विकास संस्थाहरुलाई क्रियाशिल बनाउनुपर्ने ।

ड। अवरुद्ध हुलाकी सडक विस्तारका लागि विशेष पहल गर्नुपर्ने ।

ढ। कृषि सहुलियत कर्जाको लागि पहल गर्दै समयमै बीउ मलको व्यवस्थाका साथै अनुदानका कृषि सामाग्रीहरुको न्यायोचित वितरण हुनुपर्ने ।

ण। लमहीको शानको रुपमा रहेको अन्तराष्ट्रिय क्रिकेट मैदानको स्तरोन्नति सहित राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलकुद सञ्चलनका लागि विशेष पहल गर्नुपर्ने ।

त। बजारको शान्ति सुव्यवस्था कायम राख्नका लागि ANPR क्यामेराको व्यवस्था गर्दै बिग्रिएका क्यामेराहरु यथाशक्य मर्मत गर्नुपर्ने ।